# राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)

## को

## चुनाव घोषणा पत्र



**चुनाव चिन्ह**

हिमाल, पहाड र तराई
हलो छापले गर्छ भलाई

**महानिर्वाचन -२०४८**

# (क) ऐतिहासिक दायित्व

राष्ट्रियता र प्रजातन्त्रको लागि सबै नेपालीहरुको प्रयास र त्यागबाट प्रेरणा र बल लिई सबै नेपालीको श्रीवृद्धि गर्ने दायित्व बोकेर हामी कर्मक्षेत्रमा लागेका हौं । राजनीतिक क्षेत्रबाट राष्ट्रलाई सेवा समर्पित गर्ने हामीहरुको यो विशेष दायित्व नै हो । स्वतन्त्रता र स्वाभिमान पूर्वक बाँच्नको लागि कुनै पनि जातिले निरन्तर नै सचेत र संघर्षशील रहिरहनु परेको हुन्छ । संघर्षको स्वरूप समय समयमा फरक हुन्छ । हाम्रा पुर्खाहरूले आफ्नो मुलुकको स्वतन्त्रता जोगाउन जनबल र राज्यबल वा दुवैको सहारा लिएका थिए भने यो स्वतन्त्रता कायम राख्न र समृद्धि बढाउन अहिलेको समयमा सचेत र संगठित जनबल अपेक्षित छ । समयानुसारको जनबलको अर्थ सचेत र निष्ठाशील जन एकता हो । हाम्रो राष्ट्र प्रतिको निष्ठा र समर्पणलाई आफ्नो राजनीतिक चिन्तनको प्रथम उद्देश्य मान्नेहरू यस राष्ट्रिय प्रजातन्त्र पार्टीमा पार्टीगत रूपमा सम्मिलित भएका छौं। यस्तो निष्ठा र समपर्णको भावनालाई प्रजातान्त्रिक स्वतन्त्रताले सही रूपमा अभिप्रेरित गर्छ भन्ने हाम्रो धारणा छ । यसका लागि हाम्रो उद्घोषण छ : देश बचाऔं, देश बनाऔं, प्रजातन्त्र जोगाऔं ।

## नवोदित पार्टी

बहुदलीय प्रजातन्त्रद्वारा आफ्नो आफ्नो चरित्रको विकास गर्ने र देशको सार्वाङ्गीण उत्थान गर्ने दिशा हामी एक अग्रगामी धारणा लिएर उपस्थित भएका छौं । यो एक सर्वथा नवीन राजनैतिक दल हो । सिध्दान्तका नाममा कुनै पनि बासी आग्रहहरूबाट यो दल रंगिएको छैन। विगत दुई शताब्दीको अवधिमा मनुष्यका चिन्तनहरू र समय समयमा विशेष आर्कषणको रूपमा प्रस्तुत हुन आएका विभिन्न वाद प्रतिवादको अभ्यास पछि शाश्वत रूपमा स्थिर र सिद्ध हुन आएको आधुनिक संसारको लोककल्याणकारी उदार राजनैतिक चिन्तनलाई यस पार्टीले समाउने चेष्टा गरेको छ ।

# वर्तमान राष्ट्रिय राजनैतिक स्थिति

निर्दलीय प्रणाली अस्वीकार्य भैसक्यो । त्यस अवधिको चर्चा पनि अब अप्रासंगिक भैसक्यो । नयाँ प्रणालीको स्थापना पछि नेपाली समाजमा केही नयाँ मान्यता स्थापित हुनेछन् र त्यसैको आधारमा समाज- व्यवस्था चल्ने छ , राजनैतिक, आर्थिक र चारित्रिक क्षेत्रमा केही नयां चिन्तन र उत्साहको संचार हुनेछ भन्ने अपेक्षा राखिएको हो । तर त्यो हुन सकेन। छिट्टै नै उत्साहिन र अशान्त समाज कायम हुन आयो । स्वभावतः त्यस मानसिक निराशाको प्रतिफल सामाजिक असुरक्षा कै स्थिति मुलुकमा कायम भयो । यसरी सत्तामा बस्ने कांग्रेस - बामपन्थीको गठबन्धनको सरकार सैध्दान्तिक र प्रशासनिक रूपमा असफल हुन गयो । अब यस सरकारलाई जनताको सर्मथन प्राप्त छैन। तर त्यो सर्मथन छैन भनेर देखाउने संवैधानिक निकाय वा उपाय केही छैन । यस्तो संविधान अर्न्तगत जुन सरकार चलिरहेको छ र जसले चुनाव गराइरहेछ त्यो कति विश्वसनीय होला ?

# राजनैतिक दलहरूमा पारस्परिक भ्रातृत्व र सिध्दान्तको भेद

हाम्रो सैध्दान्तिक मतभेद बाहेक कुनै राजनीतिक दलसित हाम्रो द्वेष वा वैर भाव छैन । प्रजातन्त्रको प्रवर्ध्दनको लागि राजनीतिक दलहरूमा पारस्परिक सदभावना हुनु पर्छ भन्ने हाम्रो धारणा छ ।

नेपालमा जातीय र क्षेत्रीय अधिकारको लागि खडा भएका दलहरू छन। त्यस अतिरिक्त समाजवादी र साम्यवादी दलहरू पहिले देखि नै यहाँ खडा छन। हामी नयाँ पार्टीको रूपमा उदित भएका छौं भने उनीहरू सित हाम्रो के सैध्दान्तिक मतभेद छ भन्ने कुरा स्पष्ट गर्न चाहन्छौं । समाजवादको नारा दिनेहरूले हाम्रो लोक कल्याणकारी उदार प्रजातान्त्रिक राज्यको कल्पना भन्दा इतर वा अधिक कार्यक्रम केही दिन सक्ने छैनन । किनकि समाजवादले आफ्नो पृथक अस्तित्व कायम राखी राख्न सक्ने अवस्था धेरै पहिले नै समाप्त भैसकेको छ । आजको उदार शासन - प्रणालीमा सामाजिक

दृष्टिकोणले सोच्ने बानि व्यापक भैसकेकोछ । त्यसमा समाजवादको अलग्ग अस्तित्व नै केही बांकी छैन ।

साम्यवाद (कम्युनिज्म) को औचित्य समाप्त भैसकेको छ भन्ने सन्देश त्यहीबाट आइरहेको छ जहांबाट यस्को उत्पति भएको थियो । तैपनि अविकसित या विकासोन्मुख मुलुकहरूमा कम्युनिज्मको केही आकर्षण भेटिन्छ । नवयुवा बर्गमा कम्युनिज्मले केही प्रभाव पार्ने कोशिश गरेको छ ।

हामी प्रजातान्त्रिक उदारवादमा विश्वास राख्दछौं। हाम्रो पार्टीले राष्ट्रियता, प्रजातन्त्र, विकास र स्थायित्वलाई एउटै मालाको अभिन्न श्रृंखलाको रूपमा हेरेको छ ।

नेपालको राष्ट्रियता र स्वतन्त्रताको प्रश्नमा नेपालका वामपन्थी-हरूसंग हामी केही बुंदामा सहमति पाउछौं भने प्रजातान्त्रिक मान्यता र आदर्शको दृष्टिले वाम- राजनीतिमा निहित अधिनायकवाद र एकाधिकारको संस्कार इतिहासको रद्दी टोकरीमा पुग्न थालेको स्पष्ट छ ।।त्यस्तै कांग्रेससंग प्रजातान्त्रिक मान्यता प्रतिका दृष्टिकोणमा समानता पाए पनि कांग्रेस शासकहरूको आफ्नो आदर्श विपरीत गैर प्रजातान्त्रिक आचरण, नेपाली राष्ट्रियतासंग खेलवाड गर्ने नीति र समाजवादको नाममा सामन्ती, पूंजीपति, नोकरशाही र राजनीतिज्ञहरू बींचको गठबन्धन कायम गर्ने संस्कारलाई अस्वीकार गर्दछौं ।

समाजवादका नारा दिनेहरू राज्यलाई जनताको निर्देशक र संचालकको रूपमा प्रस्तुत गर्छन् । साम्यवादीहरू यो भन्दा एक तह माथि गई अधिनायकवाद र राज्यशक्तिको एकाधिकारको कुरा गर्दछन्। आजको विश्वमा यी दुवै दृष्टिकोण असफल भएका छन् । प्रजातान्त्रिक उदारवादले यो गठबन्धनलाई चुडेर विपन्न वर्गको उन्नतिमा राज्यको भूमिका निर्देशक र संचालकको सट्टा सहयोगी र सहकर्मीको रूपमा पेश गर्दछ । यस धारणा अनुरूप प्रजातान्त्रिक उदारवादले प्रजातान्त्रिक , खुल्ला र मानव अधिकार पूर्ण समाजमा जोड दिन्छ भने अर्कातिर आर्थिक हैकमवाद र एकाधिकारको सिध्दान्तलाई अस्वीकार गरी देशको विकासमा लाखौ साना किसान र

उद्यमीहरूलाई संगठित गर्ने, उनीहरूको चेतना र नेतृत्व क्षमता बढाउने र राज्य र जनताको बीच दोहोरो सम्झदारी, पहुंच र सहयोग कायम गर्ने नीति र कार्यक्रममा विश्वास राख्दछ ।

# (ख) देशको वर्तमान स्थिति

संवैधानिक राजतन्त्र र प्रजातन्त्रको स्थापनापछि नेपाली जनताले सत्तासीनहरूबाट राष्ट्रिय सम्मान र प्रजातान्त्रिक मुल्य र मान्यता प्रति इमान्दारीका साथै देशमा शान्ति, सुरक्षा र सुव्यवस्थाको लागि नयाँ आशा राखेका थिए। तर बिगत एघार महिनामा काँग्रेस- वामको गठबन्धनको रूपमा खडा भएको सरकार नेपालमा प्रजातन्त्रको सट्टा अधिनायकवाद कायम गर्ने, राष्ट्रियताको खिल्ली उडाउने र नेपाली समाजलाई तहस नहस गर्ने दिशामा मात्र सक्रिय भएबाट नेपाली जनता मर्माहत भएका छन्। यो वास्तविकता पट्टि आज सबै प्रजातन्त्रमा समर्पित नेपालीहरू सजग हुन आवश्यक छ ।

## नेपाली राष्ट्रियता, स्वतन्त्रता र राष्ट्रिय स्वार्थको उपहास

१. नेपाली नदी नालालाई वर्तमान काग्रेस-बाम गठबन्धनको सरकारले साझा भनी घोषणा गरेको छ । नेपाली प्राकृतिक श्रोत साधन प्रतिको यो दुर्भाग्यपूर्ण दृष्टिकोणको हरेक राष्ट्र प्रेमी नेपालीले विरोध गरेका छन् ।

२. कांग्रेस-बाम गठबन्धनका नेताहरू अब नेपाली मुद्रा पनि हटाएर साझा मुद्राको माग गर्न लागेका छन। यो नेपाल मास्ने कदम हो ।

३. कांग्रेस बाम गठबन्धनका प्रधानमन्त्री श्री कृष्ण प्रसाद भट्टराईले गरेको सम्झौता अनुसार विदेशबाट नेपाल आउने मालमा कर परिर्वतन गर्न पनि विदेशीबाट स्वीकृति लिनु पर्ने छ । जानाजानी नेपाललाई आर्थिक उपनिवेश बनाउने वर्तमान सरकारको यो षडयन्त्र हो ।

## ज्यू धन असुरक्षा

कांग्रेस बाम गठबन्धनको सरकारले नेपालीहरूलाई ज्यू धनको सुरक्षा दिन पूर्णतया असफल छ। प्रशासन र प्रहरी निष्क्रय हुनको साथैं अन्यौलमा छन। ज्यू धन सुरक्षाको अभावमा जनता आत्तिएका छन्।

## प्रजातन्त्र मास्ने गतिविधि

१. नेपाली काँग्रेस र बाम शक्ति दुवैले पहिलेको सुरक्षा कानूनलाई अप्रजातान्त्रिक र मानव अधिकार विपरित भनी आलोचना गरी यसको खारेजीको माग गरेका हुन्। आज त्यही कानूनलाई कांग्रेस बामको गठबन्धनले प्रजातान्त्रिक ठानेको र सुरक्षा कानून अन्तरगत चुनाव जित्न सक्ने विरोधीहरूलाई थुन्ने अभियान शुरू गरेको छ। यस निर्लज्जताको कुनै तुलना छैन।

२. वर्तमान सरकारले विरोधीहरूलाई आफ्ना कार्यकर्ता र भाडाका लठैत लगाई आमसभा गर्न नदिने रणनीति अपनाएको छ। जनताको निर्णय गर्ने अधिकार सीमित गर्ने र देशमा अधिनायकवाद कायम गर्ने यो नीतिबाट यो दुवै शक्तिको प्रजातन्त्रमा आस्था नभएको स्पष्ट छ।

३. वर्तमान सरकारले नेपाली जनताको करबाट चलेको सरकारी संचार माध्यमलाई नेपाली कांग्रेसको मात्र पेवा र प्रचार साधन बनाएर नेपाली प्रजातन्त्र र नेपाली जनताको नै बेइज्जत गरेको छ।

## दिशाहीन आर्थिक नीति

१. जनतालाई राहत दिने झुठो नारामा पैंतीस प्रतिशतले मूल्य घट्ने घोषणा गरियो तर आज स्थिति ठीक उल्टो छ। मूल्य घटनुको सट्टा आकासिएर गएको महंगीको मारबाट जनता छटपटाइरहेका छन्।

२. आपूर्ति सुलभ गराउने वचन जनतालाई दिइयो। तर नून सम्म बजारमा पाँइदैन। पाए पनि भाउमा व्यापक वृद्धि छ.। गाउं घरमा मट्टितेल,

नून, चिनी र अन्य खाद्यान्न जस्ता आवश्यक चीजहरूको अभाव व्यापक रूपमा जारी छ ।

३. मल र विउ सुलभ तरिकाले किसानमा पुऱ्याउने वचन दिइयो तर कमिशनतन्त्रमा फसेको यो कांग्रेस-बाम गठबन्धनले कमिशनको लोभमा मलको आयात समयमा गरेन र नेपालका लाखौं लाख किसानको श्रम र पसिनामाथि लुट मच्चायो ।

४. वन संरक्षण गर्ने नारा दिइयो । तर कांग्रेस र बामको झण्डा गाडेर नेपालको इतिहासमा अहिलेसम्म नभएको नेपाललाई मरूभूमि बनाउने वन विनाशको कार्यक्रम संचालन गरियो ।

५. ग्रामीण विकासको नारा दिइयो । तर यो एघार महिनामा स्कूल निर्माण, सिचाई, खानेपानी, राजमार्ग निर्माण कार्यक्रम रोक्का गरियो । मोरगं - सुनसरी सिचाई , मेची राजमार्ग, सुर्खेत - दैलेख मोटर सडक, भू-कम्पबाट क्षति भएको विद्यालय पुनः निमार्ण आयोजना जस्ता योजना रोकिएको अथवा वजेट कटाइएको छ ।

६. तस्करी हटाइने वचन दिइयो । तर भ्रष्टाचारमा फसेको यो सरकारले १५०- तोलासम्म विदेश गएर आँउदा चाँदी ल्याउन पाउने नयाँ नीति जारी गरी नेपाललाई चाँदी तस्करीको नयाँ अखडाको रूपमा विकास गऱ्यो। त्यस्तै बोलकबोल व्यवस्था अन्तर्गत तस्करी हुने सामानको आयातलाई बढावा दिई तस्करीलाई नयाँ जीवन दिइएको छ ।

७. यो सरकारले निष्पक्षता र कार्यमूलकतालाई अगाडी बढाउने नारा दियो तर व्यवहारमा सत्तासीनहरूका नातागोता र पार्टीका चित्त बुझाउनु पर्ने पछौटेहरूलाई पोस्ने भर्ती केन्द्रको रूपमा देशका संस्थानहरूलाई परिणत गऱ्यो ।

८. देशको हरेक क्षेत्रमा योग्यता भन्दा पार्टी बिल्लालाई यो सरकारले महत्व दियो । यहां सम्म कि त्रिभुवन विश्वविद्यालय जस्तो प्राज्ञिक क्षेत्रमा समेत पार्टी भाग बण्डा नीति कायम गऱ्यो ।

९. दुर्गम र पहाडी क्षेत्रका जनतालाई यो सरकारले उपेक्षा गरेको छ । खाद्यान्न न्यून भएको पहाडी क्षेत्रमा खाद्यान्न कोटा घटाइएको छ र कति

ठाउँमा खाद्यान्न पठाउन बन्द गरी त्यस क्षेत्रका जनता नेपाली नै होइनन् भन्ने जस्तो व्यवहार गरिएको छ ।

१०. असमान सम्पति माथि रोक लगाउने बहानामा ल्याइएको सम्पति कर ऐन गाउंघरको विपन्नता माथि उपहास गर्न पुगेको छ । काठमाडौंको २ रोपनी घर घडेरी, उपत्यकाको २० रोपनी कृषि भूमि, तराईको १० बिघा भीट, धनहर एवम पहाडको ६० रोपनी भीर पाखा सवै समान भएका छन् ग्रामीण जनताको मेहनत र धनी वर्गको कमाई सवैलाई एकै समान पारिएको छ । गरिब र तल्लो बर्गको उत्थान एवं संरक्षण गर्ने भन्ने फोस्रो नारा दिने सत्तारूढ दलहरूको असली रूप सरकारले ल्याएको सम्पति कर ऐनबाट उदाङ्गिएको छ । अवैध रूपमा आर्जन गरिएको सम्पतिको हिसाब छानवीन हुनु पर्ने जनताको माग हो तर यो ऐन जारी भएबाट वैध सम्पति हुन पुगेको छ । यसरी गरिबलाई शोषण गरेर धनी पोस्ने वर्तमान सरकारको आर्थिक नीतिको यो ज्वलन्त उदाहरण हो ।

११. देशको हरेक क्षेत्रमा यो सरकारले नीतिगत अराजकताको स्थिति ल्याएको छ । सत्तामा आउने वित्तिकै यसले हरेक संस्थानलाई आफूले सक्ने तलब भत्ता सुविधा बढाए हुन्छ भन्ने निर्देशन दियो र श्री ५ को सरकारको कर्मचारी र संस्थानको कर्मचारीको बीचको तलब सुविधामा अन्तर खडा गरी झण्डै अराजकताको स्थिति देशमा ल्याइसकेको थियो । नागरिकता सम्वन्धी निर्णयलाई २४ घण्टा भित्र बदली यो सरकारले आफ्नो गतिहीनता र दिशा बोधको अभाव स्पष्ट गऱ्यो ।

## भ्रष्टाचारमा व्यापकता

१. यो सरकारले लागु पदार्थमा वर्षौं कैद पाएका र खुन मुद्दामा सजाँय पाएका बिसौं अपराधीहरूलाई अचानक छोडिदियो । खूनी र भ्रष्ट्राचारको यो नाङ्गो नाचलाई नेपाली जनताले देखेंका छन् ।

२. मल काण्डमा किसानको काँधमा चढेर भएको भ्रष्टाचार सबैले बुझेका छन् ।

३. आज बजारमा निमार्ण सामग्रीको व्यापक अभाव र मूल्य वृद्धि भएको छ। केही सीमित व्यापारी मार्फत कमिसनको मोटो रकम बटुल्न व्यस्त सत्तासीनहरूलाई जनताले चिन्दैछन् ।

४. वास्तवमा विगत एघार महिनाको अनियन्त्रित प्रशासनमा घुशखोरी र कमिसनतन्त्रले पूर्ण स्वतन्त्रता पाएको छ र सत्तारूढ दलका मन्त्रीहरू तथा वरिष्ठ कार्यकर्ताहरूलाई दलको नाममा जति पैसा जसरी संकलन गर्न पनि संस्थागत छूट भएको छ ।

## राजनैतिक नैतिकता

१. वर्तमान अन्तरिम सरकारका काँग्रेस र बामशक्ति आफैले बनाएको संविधानको आलोचना गर्दछन् ।तर फेरी त्यही संविधान अर्न्तगत सरकारमा पनि बस्दछन् । यो कस्तो राजनैतिक नैतिकता ?

२. वर्तमान काँग्रेस बाम दुबैले संवैधानिक राजतन्त्रलाई राष्ट्रिय एकताको प्रतीकको रूपमा संविधानमा स्वीकार गरेका छन्। तर भाषण र वक्तव्यमा संम्वैधानिक राजतन्त्रको उपहास गर्ने परम्परा शुरू गरेका छन्। जुन संविधान अर्न्तगत शासन चलेको छ त्यही संविधानको मर्यादा नगर्ने लज्जास्पद राजनीतिको शुरूवात भएको छ ।

३. जनतालाई भ्रम पार्नु यो सरकारको राजनैतिक संस्कार भएको छ र पासपोर्ट जफत गर्ने जस्तो स्पष्ट गैर कानूनी काम गरेर काँग्रेस- बाम गठवन्धनले कानूनी राज्यको उपहास गरेको छ ।

४. नैतिकताको दावी गर्ने यो सरकारले पार्टीको चुनाव प्रचारको लागि व्यापक रूपमा सरकारी साधनहरू र संचारको प्रयोग गरिरहेको छ ।

विकास र प्रजातन्त्रको भाषण गर्ने तर व्यवहारमा झुठो बोल्ने, जनताको समस्यामा ध्यान नदिने, भ्रष्टाचारलाई प्रोत्साहन दिने र प्रजातान्त्रिक मूल्य , मान्यता र मानव अधिकारलाई दवाई एक छत्र शासन गर्न खोज्ने कांग्रेस र बामको अप्रजातान्त्रिक संस्कारलाई यो एघार महिना भित्र भएको गतिविधिले स्पष्ट गरेको छ ।

# (ग) हाम्रो कार्यक्रम

## गाउँ-घरको उन्नति: किसानको हलो नेपालको भलो

१. गाउँघर विकासको लागि किसानको पूँजीगत सम्पति,आम्दानी र रोजगारीमा वृद्धि आवश्यक छ। यसको लागि सिंचाई विस्तार, सहुलियत व्याजमा कृषि ऋण, घरेलु उद्योगको विस्तार, ग्रामीण विद्युतीकरण, मोहीयानी सुरक्षा , मोहीयानी हकको आधारमा धितो विना पाचँ प्रतिशत व्याजमा ऋण उपलब्ध गराउने, आधुनिक कृषि प्रविधिको विस्तार र जन संख्या नियन्त्रण जस्ता कार्यक्रम संचालन गरिनेछ । किसानको उत्पादन आर्कषक मूल्यमा राज्यले वेलैमा खरिद गर्ने सरकारी र गैर सरकारी व्यवस्था गरिने छ । सिचाई विकास, ग्रामीण विद्युतीकरण , गोवर ग्याँस निमार्ण जस्ता काममा कूल खर्चको ६० प्रतिशत सम्म अनुदान दिइने छ । तराईमा साना, मझौला, ठूला र भूमिगत सिचाईमा जोड दिइने छ भने पहाडमा फाँट, टार र गरा सिंचाईमा जोड दिइनेछ। चिया, अलैची, कपास, उखु ,जुट, तेलहन्, दाल र फलफुल जस्ता नगदे वालीको साथै दुग्ध उत्पादन, पशुविकास र चरण विकासमा विशेष ध्यान दिइने छ । हाल् सम्मको पानी पोत माफ गरिनेछ ।

२. गाउँघर विकासको लागि आवश्यक सरकारी र गैर सरकारी सेवामा बिस्तार गरिनेछ। यसको लागी हरेक विकास क्षेत्रमा एक, एक वटा किसान विकास बैंकको स्थापना गरिने छ । ग्रामीण आवास र बस्ती व्यवस्थामा सुधार गर्न ग्रामीण आवास तथा बस्ती विकास वैंकको स्थापना गरिने छ। गाउँ घर र शहरमा साक्षरता, रोजगारी मूलक शिक्षा, प्रौढ शिक्षा , स्वास्थ्य शिक्षा, वन विकास र आपूर्तिको आवश्यक बिस्तार गरिनेछ । खाद्यान्न अभाव दुर्गम क्षेत्रमा डिपो राख्नुका साथै खाद्य उत्पादन बढाउन विशेष कार्यक्रम लागु गरिनेछ । साथै वाली बीमा शुरू गरिने छ र पशु बीमालाई

व्यापक गरिने छ। जमिनको द्वैध स्वामित्वलाई समाप्त पार्न जग्गा धनीलाई उचित क्षतिपूर्ति दिई चरणबद्ध रूपमा वास्तविक जोताहा ( मोही) लाई स्वामित्व दिइने छ। कमैया र हलैया प्रथामा निहित शोषण अन्त गरिने छ। राष्ट्रिय साझा महासंघ स्थापना गरी साझालाई जन प्रतिनिधि मूलक संस्थाको रूपमा विकास गरिनेछ। योजनाबद्ध रूपमा विभिन्न तहका साना र ठूला बजारको विकास हिमाल, पहाड र तराईमा गरिनेछ। धार्मिक मठ मन्दिरको प्रचलनमा बाधा नपुग्ने गरी गुठी जग्गाको स्वामित्वलाई रैकरमा परिणत गर्ने नीति अपनाईनेछ।

३. साना र अति गरिब किसानहरूको हितमा विशेष ध्यान दिइने छ। यसका लागि कूल सिचाईको ९० प्रतिशत अनुदान दिइने छ। साना किसानहरूको स्वामित्वमा ग्रामीण जलविद्युत र गोवर ग्यॉसको कार्यक्रम बिस्तार गरिनेछ। निम्न आय बर्गको लागि सरकारी पर्ति ऐलानीमा वन लगाउन ७५ वर्षको कवुलियतमा जमिन उपलव्ध गराइने छ। यस कामको लागि ऋण र प्राविधिक सहयोग उपलव्ध गराइने छ। साना किसानहरूको सहभागितामा दुग्ध व्यवसाय, फलफूल, पशुपालन जस्ता व्यवसायमा बिस्तार गरिनेछ। घरेलु उद्योगको लागि धितो विना ऋण उपलव्ध गराइने छ। सीमान्त किसानहरूलाई रु १०,०००।- (दश हजार) सम्मको ऋण मिनाहा गरिनेछ। कृषि मजदूरहरूको हक हितको सुरक्षा गरिने छ। तराईमा परम्परादेखि आफ्नो घर घडेरीमा वसोवास गरे पनि नापी दर्ता नभएका गाउँ वस्तीहरूको दर्ता गरी योजनाबद्ध विकास गरिने छ। २०४५ सालको भूकम्पबाट पिडितहरूले लिएको रु १०,०००/ ( दश हजार सम्म ) को ऋण माफ गरिने छ। साथै सुकुम्वासी समस्यालाई स्थायी रूपमा समाधान गरिने छ। यस क्रममा हाल सम्म वसोवास गरिरहेका वास्तविक सुकुम्वासीहरूलाई २ वर्ष भित्र व्यवस्था गरी प्रमाणपत्र दिइने छ।

आठ नम्वर पर्तीका साथै अन्य सरकारी खाली जग्गामा वसोवास गराउदा सम्वन्धित जिल्लाका सुकुम्वासीहरूलाई प्राथमिकता दिइने छ। नयाँ वस्तीहरूलाई सुव्यवस्थित गरिने छ। भूमिहीन नागरिकहरूका लागि आम रोजगारीको एकीकृत कार्यक्रम लागू गरिने छ।

## भूसंरक्षण र पर्यावरण

भूसंरक्षण गर्न जनताको सहयोग, स्वामित्व र सहभागितामा समेत कार्यक्रम संचालन गरिनेछ। निजी वन लगाउन प्रोत्साहन गरिने छ र आफ्नो स्वामित्व भित्रको क्षेत्रमा लगाइएको रूख दाउरा वेच बिखन गर्न छुट दिइने छ। किसानलाई चाहिने काठ दाउराको व्यवस्था गरिने छ। औद्योगिक क्षेत्र तथा नयाँ उद्योग स्थापना गर्दा वातावरणीय प्रदूषण रोक थाम गर्ने राष्ट्रिय नीति अपनाइने छ। साना र गरिब किसानलाई कबुलियतमा वन लगाउन दिने नीतिको अलावा कुनै गाउँ वडाका जनताले सरकारी पर्ति ऐलानीमा वन लगाएमा उक्त जमिन जन - प्रतिनिधि मूलक संस्थाको नाममा दर्ता गरिने छ। प्रत्येक स्कूल, कलेजको नाममा सरकारी पर्ति ऐलानी जग्गा उपलव्ध भए सम्म वन लगाउने र संरक्षण गर्ने शर्तमा दर्ता गरिनेछ।

## यातायात तथा संचार

१. दुर्गम एवं ग्रामीण क्षेत्रलाई केन्द्र विन्दु बनाई राष्ट्रिय यैातायात प्रणालीको विकास गरिने छ। राष्ट्रिय महत्वका उतर-दक्षिण सडक, जिल्ला सदरमुकाम - राजमार्ग जोडने सडक, दक्षिण सीमा सडक,पहाड एवं उच्च हिमाली क्षेत्रमा झोलुङ्गे पुल र रोपवे निमार्ण एवं बिस्तार गरिने छ। विद्यमान रेल सेवाको आमूल रूपमा संभार एवम् बिस्तार गरिनेछ। आन्तरिक जलमार्ग, दुर्गम क्षेत्र पहुंच एवं प्रवेशको रूपमा विकास गरिनेछ। विद्युत यातायातको विकासमा जनसहभागिता समेत जुटाइनेछ।

२. वर्तमान अन्तरिम सरकारले गरेको जस्तो सार्वजनिक संचार माध्यमलाई सत्तारूढ दलको पेवा बनाउने अप्रजातान्त्रिक संस्कार हटाइने छ। रेडियो नेपाल, नेपाल टिलिभिजन , गोरखापत्र र रा.स. स.जस्ता सरकारी संचार संस्थाहरूको ५० प्रतिशत स्वामित्व जनतामा वितरण गरी स्वायत्तता दिइने छ। रेडियो नेपाल र नेपाल टी.भी.को प्रसारणलाई

अधिराज्य भरि बिस्तार गरिनेछ। निजी क्षेत्रका पत्रपत्रिकालाई प्रोत्साहन गरिने छ। जनताको सु-सूचित हुने मौलिक अधिकारको संरक्षण गरिने छ। टेलिफोन सुविधालाई ७५ जिल्ला सदर मुकाममा पुऱ्याई ग्रामीण दूर संचारलाई विस्तार गरिनेछ।

## शिक्षा, खानेपानी र स्वाथ्य

१.१ सरकारी विद्यालयहरूमा कक्षा दश सम्म क्रमशः निःशुल्क शिक्षा दिइने छ। प्रत्येक वार्डमा प्राथमिक विद्यालय पुऱ्याइने छ। हरेक प्राथमिक विद्यालयमा छाना, न्यूनतम शैक्षिक र भौतिक सुविधा पुऱ्याइने छ। जन सहयोगबाट संचालित मा. वि. हरूलाई प्रोत्साहन स्वरूप सहयोग दिइनेछ। नयाँ विद्यालय, विश्व विद्यालय, पोली टेकनिकल कलेज, मेडिकल कलेज वा प्राविधिक अध्ययन संस्थान स्थापनामा निजी, सरकारी र संयुक्त सहभागि-तामा निश्चित मापदण्ड अनुरूप रहेर संचालन गर्न छुट दिइने छ। पाँचै विकास क्षेत्रमा क्रमशः नयाँ विश्वविद्यालय खोलिने छ। शीपमूलक शिक्षा नीति राष्ट्रव्यापी रूपमा अगाडी ल्याइने छ। यस अन्तरगत प्रत्येक अंचलमा प्राविधिक शिक्षालय स्थापना गरिनेछ। एक महिना देखि ३ महिना सम्म विभिन्न विषयमा तालिम दिने राष्ट्रव्यापी कार्यक्रम अगाडी बढाइने छ। यसरी तालीम प्राप्त तथा शीप परीक्षण संस्थानबाट प्रमाण पत्र प्राप्त व्यक्तिहरूलाई साधारण, औजार र पूँजीको व्यवस्था गर्नको लागि धितो विना ऋण उपलव्ध गराइने छ।

१.२ प्राज्ञिक स्वतन्त्रतालाई प्रोत्साहन गरिने छ। शिक्षकहरूको पेशागत हक र हितको संरक्षण गरिने छ। नेपाली साहित्य, कला, संगीतको प्रबर्द्धन गर्न नयाँ प्राज्ञिक संस्थाहरूको शुरूवात गरिने छ।

२. आँउदो ८ वर्ष भित्र खाने पानी सुविधा अधिराज्यको सबै गाउँ र शहरमा पुऱ्याइने छ। निजी क्षेत्र र गैर सरकारी संस्था समेतको सहभागितालाई प्रोत्साहन गरिने छ।

३. प्राथमिक स्वास्थ्य केन्द्र गाउँ घरबाट एक घण्टा मात्रको दुरीमा

उपलव्ध हुने व्यवस्था गरिने छ। मातृ शिशु सेवालाई स्वास्थ्य सेवाको अभिन्न अंग बनाइने छ। प्रत्येक जिल्लामा एक एक जिल्ला अस्पताल खोलिने छ। सरकारी अस्पतालको भौतिक स्तर बढाइने छ र यसको संचालनमा जन प्रतिनिधि मूलक संस्थाहरूको सक्रिय सहभागिता गराइने छ। निजी क्षेत्रमा अस्पताल निर्माणलाई प्रोत्साहन गरिने छ। परम्परागत औषधी र आयुर्वेदिक औषधीको संरक्षण एवं अनुसन्धानमा बिस्तार गराइने छ।

## उद्योग, वाणिज्य र पर्यटन

१. प्रतिस्पर्धात्मक रूपमा व्यापार बिबिधीकरणलाई अपनाइने छ। आयात र निर्यात दुवै क्षेत्रमा आर्थिक फाइदा र आपसी हितको नीतिमा जोड दिइने छ।

२.राष्ट्रिय उद्यमीबर्गको विकास गर्न उद्योग वाणिज्यमा एकाधिकार प्रणालिलाई निरूत्साहित गरिने छ। खुला, उदार, प्रतिस्पर्धात्मक र वाह्य संसारसंग आर्थिक सम्वन्ध बढाउने संस्कार सहितको बजार अर्थतन्त्रमा जोड दिइने छ। देशभरी छरिएका हजारौं साना ठूला नेपाली उद्यमीहरूलाई प्रोत्साहित गरी सबै जाति समूहको सहभागिता रहेको राष्ट्रिय उद्यमीबर्गको सृजनामा जोड दिइने छ र यसै नीतिवाट नेपालको उन्नतिमा हिमाल देखि तराईसम्मका सबै नेपाली उद्यमीहरूलाई समान साझेदार बनाइने छ। आधुनिक रासायनिक मल, सिमेण्ट, कागज, चिनी र विद्युत उपकरण जस्ता उद्योग र संभाव्य आधारभूत उद्योगहरूको स्थापना गरिने छ। प्राथमिकता र औचित्यको आधारमा मात्र जडान उद्योग स्थापना गरिनेछ। साथै मजदूरहरूलाई कल कारखानामा शेयर बिक्री वितरणबाट सहभागी बनाइने छ।

३. कृषि क्षेत्रमा कच्चा पदार्थ उत्पादन गर्ने किसानहरूको साझा सहभागिता र स्वामित्वमा विभिन्न उद्योगहरूलाई प्रोत्साहन गरिने छ।

४. पर्यटन उद्योग विकास गर्न विषेश जोड दिइने छ। यसका लागि विदेशी लगानी पनि आकर्षित गरिने छ।

५. हरेक जिल्लामा ग्रामीण औद्योगिक विकास तथा सेवा केन्द्रको स्थापना गर्न प्रयत्न गरिने छ । सामान्य उपभोग र घरेलु स्तरको कृषि प्रशोधन उद्योग स्थापना गर्न यस क्षेत्रमा प्राविधिक र ॠण सहयोगको व्यवस्था गरिने छ

६. साना उद्योग बिस्तारलाई उद्योगको लाभ विकेन्द्रित तरिकावाट गाउँ घरमा पुर्‍याउने र ग्रामीण क्षेत्रमा रोजगारी बढाई सर्वसाधारण नेपालीको आर्थिक स्थिति सुधार्ने र आय वितरण गरिबको पक्षमा लैजाने माध्यमको रूपमा लिइने छ ।

७. रू १५,०००।- ( पन्द्र हजार) सम्मको साना उद्योगलाई धितो विना ॠण दिने व्यवस्था गरिने छ । गांस,वास र कपडा सम्वन्धी उद्योगलाई घरेलु, साना र मझौला स्तरमा व्यापक प्रोत्साहन दिइने छ। आधारशिला निर्माण गर्ने ठूला उद्योग संयुक्त लगानीमा समेत स्थापना गरिने छ ।

८. आयात प्रतिस्थापन र निर्यातमूलक उद्योगलाई भेदभाव नगरी प्रोत्साहन गरिने छ । विदेशी लगानीलाई हाम्रो राष्ट्रिय प्राथमिकता र आवश्यकता अनुकूल एवं रोजगारी वृद्धिलाई बल पुग्ने सन्दर्भमा स्वागत गरिने छ ।

## जलस्रोतको विकास

१. जलस्रोतलाई निर्यात उद्योगको रूपमा विकास गर्न नेपालको राष्ट्रिय अखण्डता र राष्ट्रिय स्वार्थलाई सर्वोपरी राखी आपसी हित र समानताको आधारमा योजनाहरू संचालन गरिने छ । यस सिलसिलामा नेपाली कांग्रेस - बाम गठबन्धन सरकारले नेपालको नदी नालाहरूलाई साझा भनेको घोषणालाई हामी मान्दैनौ ।

२. नेपालको दीर्घकालीन विकासको सन्दर्भमा नेपालबाट समुद्र पुग्ने जलमार्ग सुविधाको लागि आपसी हितको आधारमा विशेष जोड दिइने छ ।

## वित्तीय नीति र मूल्य नियन्त्रण

राष्ट्रको कर प्रशासन नीति राजस्वमुखी मात्र हुने छैन। वित्तीय उपायहरूको प्रयोग रोजगारी बढाउन, निर्यात मूलक कृषि र उद्योगलाई प्रोत्साहन गर्न तथा सामाजिक न्यायको दृष्टिकोणलाई अगाडी बढाउन तथा रोजगारी मूलक आर्थिक गतिविधि प्रोत्साहित गर्न प्रयोग गरिने छ। विदेशी सहायता माथिको भर कम गर्ने र विदेशी सहायताको सदुपयोगमा जोड दिइने छ। मूल्य नियन्त्रणलाई प्राथमिकता दिइने छ। घाटा वजेटलाई नियन्त्रण गरिनेछ।

## भ्रष्टाचार नियन्त्रण

१. भ्रष्टाचार कठोर रूपमा नियन्त्रण गरिनेछ।

२. हाम्रो पार्टी सत्तामा आएपछि सदस्यहरूले परिवारको सम्पति सार्वजनिक रूपमा जनसमक्ष पेश गर्ने छन्।

३. नेपालको अर्थतन्त्रमा एकाधिकार र यसले उत्पन्न गर्ने आर्थिक विकृति एवं भ्रष्टाचारलाई नियन्त्रण गर्न व्यापार तथा उद्योगमा एकाधिकार नियन्त्रण कानून बनाई कडाईका साथ लागु गरिने छ।

## वेरोजगारी, अर्ध वेरोजगारी निर्मूल पारिने

१. राष्ट्र निमार्णमा युवा शक्तिको सदुपयोग गर्न ग्रामीण र शहरी क्षेत्रका युवाहरूलाई अल्प समयावधिको तालीम दिने कार्यक्रमलाई राष्ट्रिय कार्यक्रमको रूपमा अगाडी बढाइने छ। यसरी तालीम प्राप्त व्यक्तिलाई औजार र पुँजीको व्यवस्थाको लागि धितो विना ऋण उपलव्ध गराइने छ।

२. राष्ट्र निमार्णमा युवाहरूलाई समावेश गर्नुको साथै चरित्र निमार्ण गर्न युवा रोजगार कार्यक्रम विभिन्न विकास योजनाहरूमा संचालन गरिने छ। यस कार्यक्रम अन्तरगत युवा रोजगार र अन्य वेरोजगार समस्या समाधान गर्न ग्रामीण उत्थान सेनाको व्यवस्था गरिने छ।

३. ग्रामीण तह्मा अर्ध बेरोजगारी युवालाई आफ्नो फुर्सदको समयमा काम नपाई बस्न नपरोस भन्ने हेतुले ग्रामीण रोजगारी ग्यारेन्टी योजना क्रमशः शुरु गरिने छ । यस योजना अन्तरगत आफ्नो गाउँबाट ५ किलोमिटर भित्र रोजगारी चाहेमा सरकारी तहबाट काम दिलाइने ग्यारेन्टी दिइने छ ।

## महिला विकास र अन्य सामाजिक कामहरू

१. महिला हक हितको सुरक्षा गर्न कानूनी आधार तयार पारी लागु गरिने छ । महिला बर्गको सामाजिक र आर्थिक स्तर उठाउन साना किसान, महिला विकास र यस्तै अन्य कार्यक्रम मार्फत विभिन्न आय र रोजगारी वृद्धि गर्ने कार्यक्रमहरू संचालन गरिने छ। राजनीतिक प्रक्रियामा महिलाहरूको सहभागिता बढाइने छ । ग्रामीण विकासको सन्दर्भमा स्वास्थ्य , सिंचाई ,खानेपानी र कृषि जस्ता क्षेत्रमा स्थानीय तहमा स्थानीय महिला प्राविधिज्ञ तथा कार्यकर्ताहरूलाई रोजगारी दिन विशेष जोड दिइनेछ । महिला विकासको लागि शिशु स्याहार केन्द्रको स्थापना गरिने छ ।

२. अनाथ, अपाग र वृद्धहरूको लागि सरकारी र गैर सरकारी संस्थाहरूको सहभागितामा कार्यक्रमहरू लागु गरिने छन् ।

३. लागु पदार्थ दुर्व्यसन नियन्त्रण गर्न आवश्यक सबै कदमहरू अपनाइनेछ ।

## प्रशासन र जन-उतरदायित्व

१. राष्ट्र सेवक कर्मचारी, प्रहरी र सेनाको मनोवल उच्च राख्न प्रशासनलाई राजनीतिबाट अलग राखिने छ । प्रशासनमा योग्यता, कार्यकुशलता र उत्कृष्टतालाई जोड दिइने छ । कर्मचारीहरूको तलव सुविधामा समयोचित वृद्धि गरिने छ।भू.पू. सैनिक र कर्मचारीलाई उपदान र पेन्सनमा वृद्धि गरिने छ र उनीहरूलाई राष्ट्रनिमार्णको उपयुक्त काममा

सहभागी बनाइने कार्यक्रम लागू गरिने छ ।

२. जिल्ला, नगर र गाउँ समितिका जनप्रतिनिधिहरूलाई आर्थिक विकासको साधन जुटाउने, योजना बनाउने र कार्यान्वयन गर्ने जस्ता व्यापक अधिकार दिइने छ। पूर्ण अधिकार प्राप्त स्थानीय स्वायत्त शासनलाई हामी अगाडी बढाउने छौ ।

## तराई र पहाडका पिछडिएका जनजाति, बर्ग र क्षेत्रको विकास

हाल सम्म राष्ट्रमा विभिन्न पिछडिएका जनजाति र बर्गको उचित प्रतिनिधित्व हुन सकेको छैन । यस वास्तविकतालाई दृष्टिगत गर्दा तराई र पहाडमा पिछडिएका जनजाती र दलित बर्गको विकासका लागि एउटा राष्ट्रिय एकता परिषद गठन गरी जनजाति र पिछडिएका बर्गलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने समयवद्ध विभिन्न कार्यक्रम लागु गरिनेछ । राष्ट्रिय एकता परिषद गठन गर्दा पिछडिएका बर्ग, जनजाति र दलित बर्गको बिशेष प्रतिनिधित्व गराइनेछ । यसै सन्दर्भमा जनजाति र दलित बर्गको लागि शिक्षण संस्थाहरूमा निश्चित प्रतिशतको व्यवस्था गरिनेछ । शिक्षा लगायत विभिन्न क्षेत्रमा विशेष व्यवस्था गरिने छ । सबै क्षेत्रीय भाषामा टि.भी. र रेडियो कार्यक्रम संचालन गरिने छ । भाषाहरूको विकासको लागि कार्यक्रम संचालन गरिने छ । जनजातिको भाषा, संस्कृति र कलाको निरन्तर अनुसन्धान गर्ने प्रज्ञा प्रतिष्ठानहरूलाई विशेष रूपमा सक्रिय गराइने छ । सरकारी, निजामति, सेना, प्रहरी जस्ता राज्य संचालनका विभिन्न सेवामा अधिराज्यभर पिछडिएका जनजाति र आर्थिक समुदायलाई प्राथमिकता दिइने छ । तिनीहरूले वसोवास गरेको क्षेत्र विकास गर्ने विशेष कार्यक्रम लागु गरिनेछ । विकासको क्रममा प्रशासनिक र राजनैतिक मूल प्रवाहवाट अलग्गिएर बसेको महसूस गरेको तराई र हिमवर्ती प्रदेशका वासिन्दालाई यस्तो कुनै मनोगत दुष्प्रभाववाट जोगाउन र सम्मानपूर्वक समानताको

आधारमा राष्ट्र निमार्णको सम्पूर्ण काममा सहभागि बनाउने विशेष कार्यक्रम संचालन गरिनेछ ।

## सबै नेपाली बीच एकता र समानता

राष्ट्रिय एकता र राष्ट्रिय अस्तित्वलाई बलियो पार्न सबै नेपालीको आफ्नो धर्म, संस्कृति, परम्परा, भेष भूषा, लोक संस्कृति, कला र सामाजिक संस्थाहरूको संरक्षण र सम्वर्ध्दन गरिनेछ। कुनै पनि जाति या धर्मावलम्वीको परम्परा , भेषभूषा, लोक संस्कृति र कलालाई सिंगो नेपालको साझा सम्पति सम्झेर समान रूपले संरक्षण एवं प्रवर्ध्दन गरिने छ र यही अनुरूप प्रमुख पर्वमा विदा दिइने छ। एक नेपालीले अर्को नेपालीलाई हेला गर्ने या होच्याउने कुनै पनि संस्कारलाई निर्मूल गरिने छ । राष्ट्रिय एकतालाई सम्वर्ध्दन गर्न सबै जातको स्वाभिमान, आत्म सम्मान र इज्जतलाई समर्थन गरिने छ। नागरिकता पाउन छुट भएकाहरूलाई निश्चित अवधि भित्र नागरिकताको प्रमाण पत्र दिइने छ ।

## मानव अधिकार संरक्षण

१. बहुदलीय प्रजातन्त्रको आधार स्तम्भ निर्माण गर्न मानव अधिकारको संरक्षण र सम्वर्ध्दन गरिने छ । कानूनी राज्यको प्रजातान्त्रिक आदर्श र सिध्दान्तलाई राष्ट्रको राजनैतिक जीवनको अभिन्न अंगको रूपमा अगाडी बढाइने छ ।

२. ज्यू धनको सुरक्षा नागरिकको मूलभूत अधिकार हो । आज राष्ट्रभर नेपालीको यो अधिकारको हनन भएको छ । यो स्थितिमा सुधार गरी राष्ट्रभर स्थायित्व, शान्ति र अमन चैन कायम गरिने छ। वर्तमान सरकारले जस्तो राजनैतिक विरोधीलाई राज्यले शान्ति सुरक्षा सम्म पनि नदिने नीतिलाई त्यागी सबै नेपालीलाई समान रूपमा राज्यको संरक्षण दिइने छ।

३. बहुदलीय प्रजातन्त्रको मूल्य, मान्यता र जनताको अधिकार माथि

सत्तासीनहरूबाट भइरहेको निरन्तर प्रहारको विरोधमा पार्टी सधैं सक्रिय रहने छ ।

## कानून तथा न्याय

आम जनताले कानून बमोजिम न्याय पाएको छु र सुरक्षित छुँ भन्ने भावनात्मक विश्वासलाई सुदृढ पारीने छ । गरिब जनताको लागि निःशुल्क कानूनी सेवा हरेक अदालतमा उपलब्ध गराइने छ । न्यायलाई सस्तो एवं सुलभ पारिने छ ।

बर्गीय हितको लागि निम्न कानूनहरू बनाइने छ ।

१. कृषि उत्पादन र कृषि मजदूरहरूको हितलाई व्यवस्थित र संरक्षण गर्न कृषि मजदूर सम्वन्धी कानून ल्याइने छ।

२. यातायात, पर्यटन, खानी तथा कल कारखानाको उत्पादकत्व तथा त्यस क्षेत्रमा काम गर्ने मजदूरहरूको हक,हित संरक्षण गर्ने कानून बनाइने छ।

३. बाल हितको संरक्षण गर्ने र वातावरण एवं पर्यावरण संरक्षण गर्ने कानून बनाइने छ ।

## परराष्ट्र सम्वन्ध

१. नेपालको परराष्ट्र सम्वन्धको आधार मूलतः पंचशील र सहअस्तित्व नै हुन । सबै मुलुकहरूसंग मित्रता, सद्भावना र आपसी सहयोग कायम गरिनेछ । खास गरी छिमेकी मुलुकहरूसंग घनिष्ट मैत्री सम्बन्ध रहनु पर्दछ भन्ने हाम्रो धारणा छ । एक अर्काका आकांक्षाहरूलाई बुझि आपसी सहयोग गर्न र एक अर्काको सम्मान गर्ने परिपाटीबाट मैत्री सम्बन्ध स्थायी एवं घनिष्ट हुन्छ भन्ने कुरामा विश्वास राख्दछौं।

## संवैधानिक राजतन्त्र

१. नेपाल अधिराज्यको संविधान बमोजिम संवैधानिक राजतन्त्रलाई एकताको प्रतीकको रूपमा मर्यादा र सम्मान गरिने छ । संवैधानिक राजतन्त्रको मर्यादालाई तल खसाल्ने गतिविधिलाई नेपालीको एकता र हितको प्रतिकूल मानिने छ ।

## समष्टिमा

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको ऐतिहासिक गौरव र राष्ट्रिय मर्यादालाई कायम राख्न कटिबद्ध छ । राष्ट्रिय प्रजातान्त्रिक पार्टी नेपाली माटो र नेपाली विश्वासमा उभिएको छ । यसले नेपालको स्वतन्त्रता र नेपालीको राष्ट्रिय स्वार्थलाई सदैव सर्वोपरि राख्ने छ। नेपाल बाहिरका शक्तिको अनुहार हेरेर नेपाल भित्र शासन गर्न खोज्ने संस्कारलाई हामी बिल्कुलै अस्वीकार गर्दछौं। नेपालमा नेपाली नागरिकलाई प्राथमिकता दिने संस्कार नै यस पार्टीको सदैव आधार रहने छ ।

नेपालको राष्ट्रिता र स्वतन्त्रताको
संरक्षण र सम्वर्ध्दन गर्नको लागि;

देशमा प्रजातान्त्रिक मूल्य मान्यता
र मानवअधिकारको संरक्षण गर्नको लागि,

साना किसान, उद्यमी र अन्य व्यवसायीहरुलाई
प्रोत्साहन दिई माथि उठाउनको लागि,

ज्यू धनको सुरक्षा, शान्ति, सुव्यवस्था
र न्यायको लागि

देशका पिछडिएका जनजाति, वर्ग र
समूदायलाई माथि उठाउनको लागि,
हलो चिन्हमा छाप लगाई
रा.प्र.पा (चन्द) लाई अत्यधिक मतले
विजयी गराऔं ।



हलोमा छाप लगाऔं
अत्यधिक मतले विजयी गराऔं